अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको तीसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाईं, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायब सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री राजेन्द्र बहादुर शाही, खरीदार, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ, सह लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

मिति २०७५ साल चैत्र २२ गते बसेको लिखु गाउँ कार्यपालिकाका निर्णयहरुः

१ लिखु गाउँपालिकाका अध्यक्षबाट भएको देहायको निर्णय अनुमोदन गर्ने ।

क) लिखु गाउँपालिकाका विद्यालयहरुको शैक्षिक प्रशासन र शिक्षकहरुलाई प्राविधिक सहयोगका लागि यस गाउँपालिकामा स्रोत व्यक्तिको आवश्यकता देखिएकोले गाउँपालिकाको स्वीकृत दरबन्दीमा शिक्षा हेर्ने कर्मचारी खटिएर आए पश्चात् समेत स्रोत व्यक्तिलाई निरन्तरता दिई हाल कार्यरत स्रोत व्यक्ति श्री महेश्वर पाण्डेलाई नै स्रोत व्यक्तिको रुपमा कामकाज गर्न खटाउने ।

ख) निज स्रोत व्यक्तिको सट्टामा कार्यरत लियन शिक्षकको तलब भत्ता लिखु गाउँपालिकाको आन्तरिक आयबाट व्यहोर्ने ।

ग) स्रोत व्यक्तिलाई खाई पाई आएको फिल्ड भत्ता आन्तरिक आयबाट उपलब्ध गराउने ।

२. नमूना विद्यालयको रुपमा छनौट भएको लिखु ०४ चौघडा स्थित श्री क्षेत्रमाल मा.वि.ले पेश गरेको गुरुयोजनामा छलफल भयो । सो गुरुयोजना मानव स्रोत केन्द्रबाट स्वीकृत नहुन्जेल नमूना विद्यालय अनुदानको रुपमा प्राप्त रकमको पचास प्रतिशत रकम सोझै विद्यालयको खातामा निकासा गर्ने ।

३. आ.व.२०७५।०७६ को दोस्रो चौमासिकमा लिखु गाउँपालिकाको सञ्चित कोषबाट चालू तर्फ, पूँजीगत तर्फ तथा सशर्त अनुदान तर्फ भएको वित्तीय प्रगति एवं गाउँ कार्यपालिकाको कार्यालयबाट भएको आन्तरिक आय संकलन तर्फको वित्तीय प्रगति गाउँ कार्यपालिकाको बैठकमा पेश भयो ।

४. लिखु ०४ स्थित वडा कार्यालयको लागि, लिखु ०१ स्थित ढिकुरे चौकीको लागि तथा लिखु ०३ स्थित स्वास्थ्य चौकीको लागि जग्गा प्राप्त गर्ने प्रक्रिया अघि बढाउने ।

५. क. ग्रामीण विद्युतीकरणका लागि खरीद गरिएको दुई सय वटा पोल तथा जडान सामाग्री देहाय बमोजिम वडा गत रुपमा वितरण गर्ने ।

| वडा नं. | पोल संख्या | कैफियत |
|---|---|---|
| १ | ३० | आवश्यक तार र जडान सामाग्री समेत |
| २ | ३० | |
| ३ | ५० | |
| ४ | २५ | |
| ५ | ३० | |
| ६ | ३५ | |

ख. आर्थिक वर्ष २०७५।०७६ को लागि लिखु गाउँ सभाले विनियोजन गरेको सौर्य सडक बत्ती (छहरे देखि बर्राफेदी लब्धु) साझेदारी कार्यक्रमको लागि विनियोजित रु तीस लाख मध्येबाट ग्रामीण विद्युतीकरणका लागि लाग्ने नपुग रकम आठ लाख दश हजार सतहत्तर रुपैया सत्र पैसा मात्र रकमान्तर गरी योजना कार्यान्वयन गर्ने -ग. ग्रामीण विद्युतीकरणका लागि खरीद गरिएको पोल तथा तार र अन्य जडान सामाग्री जडान कार्य गर्न तत्काल सिलबन्दी दरभाउ पत्र गर्दा समेत चालु आर्थिक वर्षमा जडान गर्न समय अभाव हुने भएकोले छुट्टा छुट्टै कोटेशन माग गरी जडान प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६.लिखु गाउँपालिकाको जलस्रोत उपयोग सम्बन्धी नियमावली, २०७५ पारित गर्ने ।

७. लिखु वडा नं.१ र २ अवस्थित ढिकुरे - चौतार डि - बगरबजार - सुन्दरीटार - माझीपानी पाउँदुरे - धमलागाउँ - उर्लेनी सडकको लागि नपुग समपूरक रकम कम्तीमा पचास लाखको सुनिश्चितता आ.व. २०७६।०७७ को बजेटबाट गर्ने गरी हाललाई स्वीकृत लगत इष्टिमेट रु दुई करोड नौ शय तेत्तीस रुपैया सोह्र पैसा मात्रको आधारमा प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावलीको अधीनमा रही खरीद विधि छनौट गरी ठेक्का आव्हान गर्ने ।

८. शैक्षिक सत्र २०७३।०७४।०७५ को लागि निर्धारित शुल्क विवरण, लिखु गाउँबासीको आर्थिक अवस्था तथा क्रय शक्ति, वार्षिक महंगीको दर तथा अभिभावक, विद्यालय सञ्चालक लगायतका सरोकारवालाहरुको समेत परामर्शमा शैक्षिक सत्र २०७६।०७७।०७८ को लागि निजी विद्यालयहरुको मासिक शिक्षण शुल्क बढीमा अघिल्लो दरको पन्ध्र प्रतिशतमा नबढ्ने गरि अधिकतम निर्धारण गर्ने निर्णय गरियो ।

९. लिखु गाउँपालिकाको योजना कार्यान्वयन गर्न योजना सम्झौता गर्ने म्याद २०७६ बैशाख मसान्त सम्म मात्र थप गर्ने तथा यस निर्णय हुनु अघि म्याद नाघी भएका सम्झौता समेत अनुमोदन गर्ने निर्णय गरियो ।

१०.गाउँपालिका भित्रका देहायका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने ।

क. ढिकुरे पुल-सेफ गाउँ-मालाकोट-बाघे -भिमसेन स्थान-नाके डाँडा- छहरे ग्रामीण सडक

ख. राम मन्दिर - पञ्चकन्या - लामिछाने गाउँ- कामीखोला- धमला गाउँ सडक

ग.उड्के - छविसे - दोबाटे - डि बगैंचा - कोलडाँडा- जाँते खहरे हुँदै जाइका हस्पिटल कल्छेचौर सडक

घ. राक्से खहरे - सिद्धि गणेश - फूलाबोट - निरञ्जना मन्दिर सडक

ङ सिन्दुरे खोला लिखु ०३ कटहरबोट , ककनी ०७ चतुराले बेशी जोड्ने पक्की मोटर पुल

च. सिन्दुरे खोला लिखु ०३ सुपारी खोल्ची बाट बेलकोट गढी १३ ढाँडेफेदि जोड्ने पक्की मोटर पुल

छ. जाँते खहरे पक्की मोटर पुल लिखु ०५

११. लिखु गाउँपालिका वडा नं ५ स्थित धुलिखेल सामुदायिक स्वास्थ्य संस्था द्वारा सञ्चालित एम्बुलेन्स मर्मतको लागि आन्तरिक आयबाट रकम व्यहोर्ने गरी रु एक लाख पचास हजार विनियोजन गर्ने निर्णय गरियो ।

१२. नयाँ वर्ष २०७६ को पावन अवसरमा लिखु बासी, जिल्ला स्थित कार्यालयका पदाधिकारी, कार्यालय प्रमुख तथा कर्मचारी, व्यवसायी, करदाता, पत्रकार, गाउँपालिकाका कर्मचारी र स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुमा सुख शान्ति, सुस्वास्थ्य, दीर्घायु, भातृत्व, एकता एवम् समृद्धिका लागि लिखु गाउँपालिका हार्दिक शुभकामना व्यक्त गर्दछ ।

२०७५।१२।२२